# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५

माईजोगमाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नयाँबजार, ईलाम
१ नं. प्रदेश

# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५

**कार्यपालिकाद्वारा स्वीकृत मितिः २०७५/०१/२५**

**प्रस्तावना :** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्वधर्द्धन,परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान , प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले ।

नेपालको संविधान को भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी वनाईएको कार्यविधि

## परिच्छेद- १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले माइजोगमाई गाउँपालिकाद्वारा जारी गरिएको **बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५** सम्झनु पर्छ ।

(घ) **"बालबालिका"** भन्नाले नेपाल कानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अर्न्तराष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(ङ) **"बालबालिका डेक्स"** भन्नाले माइजोगमाई गाउँपालिकाले माइजोगमाई गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(च) **"सर्म्पक व्यक्ति (Focal Person)"** भन्नाले माइजोगमाई गाउँपालिकाले माइजोगमाई गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) **"बालमैत्री स्थानीय शासन समिति"** भन्नाले बालमैत्री स्थानीय शासन कायान्वयन कार्यविधि २०६८) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ।

(ज) **"बाल क्लव"** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका माइजोगमाई गाउँपालिकामा सूचीकृत भइ संचालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ।

(झ) **"संरक्षक तथा संरक्षक शिक्षक"** भन्नाले बालक्लवलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ।

(ञ) **"प्रधान संरक्षक"** भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ।

(ट) **"बालक्लव सञ्जाल"** भन्नाले माइजोगमाई गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ।

(ठ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ।

(ड) **"बालविकास केन्द्र"** भन्नाले गाउपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका प्राथमिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्दछ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ।

(ण) **"बाल कल्याण कोष"** भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि माइजोगमाई गाउँपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ।

(त) **"प्रमाणपत्र"** भन्नाले गाउँपालिका कार्यालयमा सूचिकृत भएका बालक्लवहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ।

(थ) "गाउँपालिका" भन्नाले माइजोगमाई गाउँपालिका सम्झनुपर्ने छ।

(द) "अध्यक्ष" भन्नाले माइजोगमाई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ध) "उपाध्यक्ष" भन्नाले माइजोगमाई गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(न) "वडा" भन्नाले माइजोगमाई गाउँपालिकाको वडा सम्झनु पर्छ।

(प) "वडाध्यक्ष" भन्नाले माइजोगमाई गाउँपालिकाको वडाध्यक्षलाई सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले माइजोगमाई गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ब) "कार्यपालिका" भन्नाले माइजोगमाई गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

३. **उद्देश्य** : यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्न ।

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्न ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २

## बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र संचालन

### ४ बालमैत्री स्थानीय शासन समिति गठन

बाल बचाउँ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन ।

(१) अध्यक्ष, माइजोगमाई गाउँपालिका -अध्यक्ष

(२) उपाध्यक्ष, माइजोगमाई गाउँपालिका -उपाध्यक्ष

(३) माइजोगमाई गाउँपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(४) शिक्षा शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(५) महिला बालबालिका शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(६) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ) १ जना -सदस्य

(७) स्थानीय तहका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट माइजोगमाई गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) सदस्य

(८) माइजोगमाई गाउँपालिका भित्र कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(९) माइजोगमाई गाउँपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(१०) माइजोगमाई गाउँपालिका बालसंरक्षण समितिको (१ जना) – सदस्य

(११) माइजोगमाई गाउँपालिकाका डेक्स हेर्ने -सदस्य

(१२) प्रमुख प्रशासकिय अधिकृत, माइजोगमाई गाउँपालिका – सदस्य –सचिव

**५.बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :**

५.१ माइजोगमाई गाउँपालिकाको बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने ।

५.२ माइजोगमाई गाउँपालिकाको बालबालिका सम्वन्धि योजनाहरुको अन्तिम निर्णय गर्ने ।

५.३ माइजोगमाई गाउँपालिकामा कार्यरत निकायहरुलाई बालबालिका सम्वन्धी कार्यमा समन्वय गरिदिने ।

५.४ माइजोगमाई गाउँपालिकामा भएका बालबालिका सम्वन्धि कार्यहरुको समग्र अनुगमन गर्ने ।

५.५ माइजोगमाई गाउँपालिकामा बालमैत्री स्थानीय शासनका लागि अनुसुची ४ मा उल्लेख भए अनुसारको सुचक पुरा गर्नका लागि नेतृत्व तथा सहजिकरण गर्ने ।

५.६ बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । बैठकको कार्यवीधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

**६. बालबालिका डेक्सको स्थापना :**

(१) प्रत्येक वडा कार्यालयमा र माइजोगमाई गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

(२) बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छः

(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।

"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको सूचीकृत गर्ने ।

(ग) बालबालिका, माइजोगमाई गाउँपालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरुबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) गाउँपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**७. बाल संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) माइजोगमाई गाउँपालिकामा देहाय वमोजिमको बालसंरक्षण समिति गठन गरिनेछ ।

(क) माइजोगमाई गाउँपालिकाको उपाध्यक्ष : संयोजक ।

(ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना : सदस्य ।

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना : सदस्य ।

(घ) माइजोगमाई गाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना : सदस्य ।

(ङ) गाउँ शिक्षा समितिबाट १ जना : सदस्य ।

(च) माइजोगमाई गाउँपालिका बालक्लव संजालबाट १ जना : सदस्य ।

(छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिलासहित ३ जना : सदस्य ।

(ज) माइजोगमाई गाउँपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख : सदस्य।

(झ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्तिः सदस्य सचिव ।

**(२) बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ,**

(क) माइजोगमाई गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

"स्पष्टीकरण" विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ( आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक

स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानुनी विवादमा परेका बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिक, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ,परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानुन बमोजिम तोकिएका अन्य बालबालिका)लाई बुझाउनेछ ।

(ख) **माइजोगमाई गाउँपालिकामा** बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने

(ङ) स्थानीय संघसँस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र जिल्ला बाल कल्याण समितिलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका ( विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ञ)बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि माइजोगमाई गाउँपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने

ट)अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने

ठ)बालबालिकासंग सम्बन्धित दिवसहरु गाउँपालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने

(ड) वडा बाल संरक्षण समितिहरु, बालक्लव सञ्जालहरु, सरोकारवालाहरु र माइजोगमाई गाउँपालिका विच समन्वय,सहकार्य र सम्पर्क गर्ने ।

(ण) माइजोगमाई गाउँपालिकामा बालबालिका सम्बन्धी संपन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

**३ <u>समितिको वैठक सम्बन्धी कार्यविधिः</u>**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ)गाउँपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ ।

**८. वडा बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार :**

**१) वडामा देहाय वमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ ।**

(क) वडा अध्यक्षः संयोजक ।

(ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जनाः सदस्य ।

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जनाः सदस्य ।

(घ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जनाः सदस्य ।

(ङ) विद्यालय व्यवस्थापन समितिबाट १ जनाः सदस्य ।

(च) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जनाः सदस्य ।

(छ) आदीवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि कम्तिमा १ महिलासहित ३ जनाः सदस्य ।

(ज) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्तिः सदस्य सचिव ।

**(२) वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ,**

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र माइजोगमाई गाउँपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित

कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र माइजोगमाई गाउँपालिकालाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) बालक्लव, वडा बालक्लव सञ्जाल, सरोकारवालाहरु र माइजोगमाई गाउँपालिकाविच समन्वय र सम्पर्क गर्ने ।

(ञ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति माइजोगमाई गाउँपालिकामा पेश गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ठ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि सम्बन्धित माइजोगमाई गाउँपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने

ड) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने

ढ) बालबालिकासंग सम्बन्धित दिवसहरु गाउँपालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने

**३ समितिको वैठक–सम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(ङ) वडा बालसंरक्षण समितिको पदावधि २ वर्षको रहने छ ।

**९.बालक्लव र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकार :**

(क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लव रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् । बालबालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सुचीकृत गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई आवद्धता/सुचिकृतको अनुसुची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान पालिका प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गरी बालक्लवहरुलाई उपलव्ध गराउनुपर्नेछ । विद्यालयको हकमा बालक्लवमा सदस्य हुनका लागि ८ वर्ष उमेर पुरा भई १८ वर्ष सम्मको हुनुपर्नेछ । कक्षा को हकमा कक्षा ५ वाट सुरु भएको हुनेछ ।

(ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लव गठन गरी, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा तथा माईजोगमाई गाउँपालिकामा सुचीकृत हुनु पर्ने छ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक,मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप समितिहरु निर्माण गर्न सक्ने छ ।

**(ङ) बालक्लबको बैठकको आयोजना निम्नानुसार हुने-छ ।**

(१) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) **नियमित बैठक तथा छलफलका विषयहरू**

(क) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ख) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(घ) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ:

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(३) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

**(च) बालक्लव सञ्जालहरूको गठन**

(१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बालक्लब सञ्जाल वडा स्तर, माइजोगमाई गाउँपालिका स्तरका हुनेछन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (माइजोगमाई गाउँपालिका र वडा) तहमा बाल क्लवहरूका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क)भेलाको मिति, समय र स्थान,

(ख)भेलामा छलफल हुने विषयहरू,

(ग)भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरुको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ)भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ)भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिनेनहुने सेवा र सुविधा, र

(च)अन्य आवश्यक विषयवस्तुको बारेमा पुर्व जानकारी दिनु पर्नेछ ।

**(५) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।**

(क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्द भएको हुनु पर्नेछ ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेतृवको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाभ्क अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समभ्कदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४)बालबालिकामाभ्क हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

(५) वडा तथा गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र **माइजोगमाई** गाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ ।

(६) सूचीकृत भएका बालक्लव सञ्जालहरुले हरेक वर्ष अध्यावधिक गरी **माइजोगमाई** गाउँपालिका कार्यालयमा नविकरण गर्नुपर्ने छ । यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरुको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

**छ) बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

४. समूहको निर्णय र बाल सम्रक्षण समिति र CFLG समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५.समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बाल समूहसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछः**

१. समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बालबालिका वा बाल समूहसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।

३. समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. समूहको प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लव/समूहको आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकारः**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद- ३

### १०.बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल–कल्याण कोषको व्यवस्था :

(१) माइजोगमाई गाउँपालिकामा एक-एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहने छ

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम

(ङ) अन्य विविध श्रोत बाट प्राप्त हुन आएको रकम ।

**(३) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।**

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(५) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारीस भएको,

(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण–विहीन अवस्थामा फेला परेको शिशु,

(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(१७) समितिले तोकेका अन्य बालबालिका ।

(४) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(५) दफा ४मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

**(११) कोष सञ्चालन गाउँपालिका बाल मैत्री स्थानीय शासन समितिद्वारा हुनेछ ।**

**(१२) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासाग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**(१३) <u>समितिको बैठक र निर्णय</u>**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगे को मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**(१४) <u>कोषको खाता सञ्चालन</u>**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) उपदफा क बमोजिमको खाता सञ्चालनका लागि **माइजोगमाई** गाउँपालिकाको हकमा प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**१५. <u>रकम फ्रिज नहुने</u>** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१६. <u>कोषको लेखा र लेखा परीक्षण</u>** : (क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको

लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१७ <u>प्रतिवेदन पेश गर्ने</u> :** समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र **माइजोगमाई** गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद ४

## विविध

**१८. <u>स्रोतको व्यवस्थापन</u> :** माइजोगमाई गाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**१९. <u>प्रोत्साहन पुरस्कारको व्यवस्था</u> :** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्ल्व, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२०. <u>कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार</u> :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार माइजोगमाई गाउँ कार्यपालिकालाई हुनेछ ।

२१. **<u>खारेजी र बचाउ</u>** : यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधीमा लेखिएको कुराहरु अमान्य हुनेछन र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

२२. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार सरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

# अनुसूची-१

(दफा ९(क) सँग सम्बन्धित)

## <u>बालक्लव सुचिकृत प्रमाणपत्रको नमुना</u>

लोगो ................ गाउँपालिका

....... जिल्ला

प्रदेश नं. १

नेपाल

आवद्धता नं. मिति

/ /

श्री.......................................बालक्लव

..................................................

............................जिल्ला ................................पालिका ....................वडा नं...........को ....................................विद्यालय/समुदायमा गठन भएको ....................................बालक्लवलाई यस ..........................पालिकामा आवद्धता गरी बालमैत्री,बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २ (९ क) ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत

## अनुसुची २

बालक्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुख ज्यू,

........................गाउपालिका/न.पा

......................................................

विषय : समूह सूचिकृत/आबद्धता गरी पाऊँ

महोदय,

हामीले ........................ नामको बालक्लव खोल्न चाहेकोले ...............................स्थानीय तहवाट स्विकृत " बालमैत्री,बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २ (९) ले गरेको व्यवस्था " बमोजिम समूह सुचिकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित समूहको निर्देशिकाको एक प्रति, सिफारिश, बालक्लव आवद्दता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१) अनुसुची २ अनुसारको निवेदन

२) अनुसुची ५ अनुसारको विधान २ प्रति

३) बालक्ल्वको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लवको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

## अनुसूची ३

बालअधिकारको संरक्षण तथा सम्वर्धनमा माईजोगमाई गाउँपालिका वा वडाले सम्बोधन गर्नसक्ने

कृयाकलापहरु

१.बाल बचाऊ

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | ▪ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितता गर्ने । <br> ▪ स्वास्थ्य विमा लागू भएका क्षेत्रहरुमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रवर्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य विमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरुको प्रभावकारी सम्बोधन | ▪ किशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनियता कायम गर्न स्वास्थ्यकर्मी हरुलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | ▪ जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरुको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने । <br> ▪ विभिन्न स्थानहरुमा सिविरहरु सञ्चालन गर्न लगाउने । <br> ▪ गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवति महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभास हुनु | ▪ कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सोबारे नजिकको प्रहरी/बालकल्याण समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

**२ बालसंरक्षणसम्बन्धी प्रमुख विषय तथा कार्यहरु**

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| विविध कारणहरुले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका । | ▪ बालबालिका सडकमा आउने कारकतत्वहरूबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>▪ परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>▪ सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासँग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने - पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना, पुनर्एकीकरण गर्ने ।<br>▪ सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय वा बेवारीस अवस्थाका बालबालिका | ▪ कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारीस भएका बालबालिकाको पहिचान गरी सूचना अध्यावधिक गर्ने ।<br>▪ यस्ता बालबालिकाका लागि अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>▪ यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने ।<br>▪ परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने ।<br>▪ वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरूको पहिचान तथा सूचीकरण गर्ने । |

| | |
|---|---|
| अपाङ्गता भएका बालबालिका | ▪ अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।<br>▪ अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्ने ।<br>▪ सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, |

| | |
|---|---|
| | सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैर सरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>▪ अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम संचालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरू गर्ने । |
| बलविवाह | ▪ बाल विवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानुनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>▪ बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।<br>▪ बालविवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम, हलिया प्रथा, कमलरी प्रथाको अन्त्य गर्ने गराउने | ▪ बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।<br>▪ बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने ।<br>▪ निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने ।<br>▪ हलिया, कमलरी, घरेलु बालश्रमिक विरुद्ध बालश्रमिक हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरुमा पहुँच स्थापना गर्ने ।<br>▪ गैर कानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने । |
| बालबालिकाको बेचबिखनको अन्त्य | ▪ देश भित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय समूह, बालक्लब, विद्यालय |

| | |
|---|---|
| | लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ बालबालिकाको बेचबिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरुसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरुमा चेकपोष्टहरुको व्यवस्था गर्ने ।<br>▪ बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालिन संरक्षण, परामर्श, कानुनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजाय | ▪ घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुन सक्ने सजाय तथा कानुन बारे प्रचार प्रसार गर्ने ।<br>▪ विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |
| यौन शोषण वा दुर्व्यवहार | ▪ बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुमा प्रशिक्षक आदिलाई सचेतना अभिबृद्धि गर्ने ।<br>▪ शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | हेपाईले बालबालिकाको मानसिक तथा वौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरू आवश्यक पर्दछ, जस्तै : |

| | |
|---|---|
| | ▪ हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने ।<br>▪ |
| विपद्मा बालबालिकाको संरक्षण | ▪ सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ।<br>▪ विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउने<br>▪ विपद्मा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाइ केन्द्रहरुको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>▪ विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि हुनसक्ने जोखिम न्युनीकरण | ▪ इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानी बारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>▪ इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार | ▪ लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>▪ दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।<br>▪ लागूपदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमाक्षेत्रका नाकाहरुमा विशेष निगरानीको व्यवस्था गर्ने । |

**३ बालविकाससम्बन्धी प्रमुख विषय तथा कार्यहरु**

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| समयमा पाठ्यपुस्तकको | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विधार्थीहरुको संख्या एकीन गरी समयमै |

| | |
|---|---|
| उपलब्धता | पाठ्पुस्तकको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>▪ सबै बालबालिकाले समयमै पाठ्पुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | ▪ विविध समूहका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरुको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| अनुशासनका नाममा दण्ड सजाँय दिइनु | ▪ विद्यालयलाई दण्ड सजाँयमुक्त घोषणा गर्न शिक्षकहरुलाई भयरहित शिक्षण सिकाईसम्बन्धी तालीम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।<br>▪ विद्यालयमा दण्ड सजाँयका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |
| विद्यालयमा शौचालय, सरसफाइ सामग्री, खानेपानी लगायतका आधारभूत पुर्वाधार | ▪ छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने ।<br>▪ छात्राहरुका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोगपश्चातको व्यवस्थापन गराउने ।<br>▪ खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने, |
| बालबालिकाको शैक्षिक नियमितता | ▪ निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।<br>▪ विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने ।<br>▪ आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाई नियमित नहुनु | ▪ शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |
| भेदभाव तथा हेपाई | ▪ विद्यालयहरुमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विधार्थी बीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाई, दुर्व्यवहार हुन नदिन विद्यालय बालसंरक्षण नीति/आचारसंहिता बनाई लागू गर्ने ।<br>▪ विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समयसमयमा अनुगमन गर्ने । |

| | |
|---|---|
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | ▪ आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्रि सञ्चालनका लागि सहजिकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | ▪ प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | ▪ विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरुमा बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने । |

**४सहभागितासम्बन्धी प्रमुख विषय तथा कार्यहरु**

| **विषयहरु** | **सम्बोधन कार्यहरु** |
|---|---|
| बालक्लबको सूचीकरण तथा गठन | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने ।<br>▪ बालसंरक्षणका सवालहरु पहिचान तथा सम्बोधनका लागि बालक्लबहरुको आवश्यक परिचालन गर्ने । |
| योजना तर्जुमामा बालसहभागिता | ▪ पालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।<br>▪ पालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरुमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) |
| बालसहभागिताबारे सचेतना | ▪ परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवस्यक अन्तरक्रिया तथा अभिमूखीकरण गर्ने । |

## अनुसुची ४

बालमैत्री स्थानीय शासन का ३९ सुचकहरु

बाल बचाऊ

- ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि., डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने
- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने (SBA गरेको स्वास्थ्यकर्मी),
- गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,
- एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने ।
- सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने ।
- सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।

बाल संरक्षण

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने,
- बाल विवाहको संख्यामा कमी आएको हुनेछ,
- निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,
- घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,

- बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**बालविकास**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनुपर्ने ।
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनुपर्ने,
- विद्यालय जान नपाएका वालवीकाहरुले  अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ,

बालसहभागिता

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने, ।
- स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,
- विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरवाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ ।
- नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ ।
- जिल्ला, नगर तथा गाँउ तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।

**संस्थागत सूचकहरु**

- स्थानीय तहको परिषद् बैठक नियमित रुपमा संचालन भएको हुनेछ
- स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।

- स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समितिक्रियाशील रहनेछन्
- स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्
- स्थानीय स्तरमा बालक्लवहरुको सक्रियता रहनेछ ।
- स्थानीय स्तरमा प्यारालिगल कमिटि र बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् ।
- स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ ।
- बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजनातर्जुमा भै कार्यान्वयनभएको हुनेछ ।
- जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।
- बाल बालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## अनुसुची ५

## ................................... बाल समूह वा क्लव ....................................................... को

## गठन तथा कार्य संचालन निर्देशिका २०७५

**प्रस्तावनाः**

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस विधानको नाम “बाल समूह/क्लव गठन तथा कार्य संचालन निर्देशिका २०७५ रहने छ । यो विधान .............................. पालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ ।

**२. कार्यालयः** यस विधान बमोजिम गठित .............. बाल समूह/क्लव......... को कार्यालय जिल्ला .............. गा.पा../न.पा. वडा नं. ........ स्थित ................. स्थानमा रहनेछ ।

**३. ठेगानाः** यस बाल समूह/क्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः

........................................................................................................................

**४. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

(क) “क्लव” भन्नाले यस विधानको धारा ६ अनुरुप गठित क्लव जनाउने छ । यो क्लव .............. गाउँपालिका आवद्दता भएको बाल क्लवलाई जनाउनेछ ।

(ख) “बालबालिका” भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

**५. उद्देश्य एवं कार्यहरुः**

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन्ः

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि

(च) बाल अधिकार सम्वन्धी बिबिध कार्यक्रमहरु संचालन गर्ने ।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु ।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांकसंकलन गर्नु ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पु¥याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सो को निरकरणको लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।

(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**६. बाल क्लवको गठन:**

६.१ बालक्लवको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्:

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : घटिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

६.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

**७. सल्लाहकार:**

**बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :**

(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।

**८. संरक्षक:**

बाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

**९. पदावधि:**

बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ

**१०. पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. क्लवको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. क्लवको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने ।

४. क्लवको निर्णय र जि.वा.क.स. को निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५.क्लवको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बाल क्लव जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछः**

१. क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बालबालिका वा बाल क्लवसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।

३. क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. क्लवको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. क्लवको प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लवको आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकारः**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**११. सदस्यताः**

**अ. सदस्यताको योग्यताः**

यस बाल समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :

(क) उमेर कम्तिमा ६ वर्ष पुगी १८ वर्ष ननाघेको

(ख) स्थायी सरुवा रोग नलागेको ।

(ग) मगज नविग्रेको वा बौलाहा नभएको ।

(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

**आ. सदस्यताको खारेजीः**

(क) मगज विग्रेमा वा वौलाहा भएमा ।

(ख) १८ वर्ष उमेर नाघेमा ।

(ग) मृत्यु भएमा ।

(घ) राजिनामा दिएमा ।

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।

(च) सदस्यता नविकरण नभएमा ।

(छ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा ।

(ज) एक भन्दा बढी बाल समूहको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

**१२. समूहका पदाधिकारीको उमेरको हदः**

बाल समूहका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ  र १६ वर्ष सम्मको रहनेछ ।

**१३. आरक्षणः**

यस बाल समूहमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा 50 प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

**१४. सदस्यता शुल्क तथा नविकरणः**

(क) बाल समूहको सदस्यता शुल्क वा नविकरण शुल्क वा अन्य कुनै शुल्क बाल समूहले तोके बमोजिम हुनेछ ।

(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

(ग) बाल समूहले बाल समूह जिल्ला समन्वय समिति नवलपरासीमा प्रत्येक वर्ष समूहको वार्षिक प्रतिवेदनका साथ नविकरण गराउनु पर्नेछ । सो को जानकारी जिल्ला वालकल्याण समिति संखुवासभामा गराउनु पर्नेछ ।

**१५. बैठकः**

बाल समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । वैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ ।

**१६. निर्णयः**

बाल समूहको बैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।

नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१७. निर्वाचनः**

बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

**१८. निर्वाचन अधिकृत :**

बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१९. कोषः**

(क) यस बाल समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष,कोषाध्यक्ष र संरक्षकको नामवाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । बाल समूह/क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । तथा वैंक खाता खोल्नका लागि जिल्ला बालकल्याण समितिको अनिवार्य सिफारिस लिनु पर्नेछ ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछः

१. बालबालिकसँग सम्वन्धित निकायबाट प्राप्त सहयोग ।

२. सहयोग, उपहार ।

३. सदस्यता तथा नविकरण शुल्क ।

४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम।

५.समूहको प्रकाशनबाट प्राप्त हुने रकम ।

६. बाल समूह जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम ।

७. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।

**२०. प्रतिवेदनः**

बाल समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन जिल्ला बालकल्याण समिति .................. र ............................. स्थानीय तहमा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

**२१. संशोधनः**

यो निर्देशिका संशोधन गर्दा बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई ............................ पालिकाबाट स्वीकृत भएमा यो निर्देशिका लागू हुनेछ ।

**२२. बचाउः**

प्रस्तुत निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस निर्देशिकामा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

**२३. समूहको खारेजी वा विघटनः**

कुनै कारणवश समूह खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति ............................ गाउँपालिकाको संरक्षणमा सर्नेछ ।

**२४. विविधः**

१. साधारण सभाः समूहको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउनेः निर्देशिकाको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन । यो समितिको कार्यबिधि बाल समूह/क्लवले निर्धारण गर्नेछ ।

३. संशोधनः समूहको निर्देशिका संशोधान गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई वहुमतको निर्णय भई सम्वन्धित ............................ पालिका.बाट स्वीृकत भएपछि मात्र लागु हुनेछ ।

४. अविश्वासको प्रस्तावः समूहको निर्देशिका विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई वहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

५. समूहले आफ्नो निर्देशिका एवं पदाधिकारी सदस्य सहितको नामावली सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

# अनुसूची १

समूहको छाप

(समूहको छापमा समूहको नाम, स्था. वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ)

अनुसूचि २

समूहका कार्यसमितिका पदाधिकारीहरु

| क.सं. | पद | नाम, थर | पुरा ठेगाना (गा.पा./न.पा., वडा र टोल) | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | | | |
| | उपाध्यक्ष | | | |
| | सचिव | | | |
| | सहसचिव | | | |
| | कोषाध्यक्ष | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |

नोटः

१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ ।

२. समूहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

३. निर्देशिका बमोजिम आबद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित गापा. वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिश संलग्न हुनु पर्ने छ । सिफारिश साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति निर्देशिका रित पूर्वक तयार गरी पेश गर्नु पर्नेछ ।